यान्ङवरक गाउँपालिका

# गाउँ कार्यपालिका

थर्पु,पाँचथर
कोशी प्रदेश, नेपाल


बैठक मिति : २०८१/०४/२९ बैठक संख्या : ११०-०१-२०८१/०८२

## कार्यपालिका बैठकको निर्णय सार्वजनिक

**निर्णयहरु :**

**१.** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाडौंको च.नं. ४२२ मिति २०८१/०३/०४ को पत्र अनुसार यस गाउँपालिकाबाट उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPS) को लागी तपसिल बमोजिमका आयोजनाहरुको प्रस्ताव पेश गरी आयोजना माग गर्ने

क. बर्थिङ सेन्टर सहितको स्वास्थ्य चौकी भवन निर्माण आयोजना

ख. १५ शौया अस्पताल व्यवस्थापन

ग. कृषि संकलन केन्द्र तथा कोल्डरुम निर्माण आयोजना

२. कोशी प्रदेश सरकारद्धारा जारी गरिएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा ४ को उपदफा ५ र २७ को उपदफा १ मा भएको व्यवस्था तथा सिफारिस समितिले गरेको सिफारिस अनुसार देहाय बमोजिमका कर्मचारीहरुको तह वृद्धि गर्ने ।

| क्र.सं. | कर्मचारीको नामथर | सेवा | समूह | तह | पद | तह वृद्धि हुने तह |
|---|---|---|---|---|---|---|
| १ | डिल्लीरमण पाण्डे | स्वास्थ्य | हे.ई. | पाँचौं | सि.अ.हे.व. | अधिकृत स्तर छैटौं |
| २ | सिर्जना लक्सम | स्वास्थ्य | हे.ई. | चौंथो | अ.हे.व. | सहायक स्तर पाँचौं |

३. यस याङवरक गाउपालिका गाउँ कार्यापालिकाको आ.व. २०८०/०८१ को आन्तरीक लेखा परिक्षण फालेलुङ गाउँपालिका आ.ले.प. श्री दिपेन्द्र चेम्जोङबाट गराउने ।

**४.** यस गाउँपालिकाको केन्द्र याङवरक ४ थर्पुमा रहेको नागी थर्पु प्रहरी चौकीलाई स्तरउन्नती गरी क वर्गको इलाका प्रहरी कार्यालय स्थापना गर्नको लागि जिल्ला सुरक्षा समिति मार्फत गृह मन्त्रालय समाक्ष माग गर्ने ।

५. याङवरक गाउँपालिकाको शिक्षा योजना निर्माण गर्ने ।

६. हेभी इक्युपमेन्ट (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८१ पारित गर्ने ।

७. आकस्मिक कोष व्यवस्थापन कार्यविधि २०७५ लाई संशोधन संशोधन गर्ने ।



email : yangwarakruralmun@gmail.com, Website : www.yangwarakmunpanchthar.gov.np
फोन नं. ०२४-४१००४८, ०२४-४१००४९